## ६

*[संवत् २०५३ सालको पुरस्कार 'जगदम्बा-श्री' प्राप्त गर्नुहुने म्यान्माका श्री ठाकुरप्रसाद गुरागाईंको अनुपस्थितिको कारण सोही सालको 'मदन पुरस्कार' 'नेपाली राष्ट्रिय झन्डा' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री दयाराम श्रेष्ठलाई समर्पण गर्न संवत् २०५४ आश्विन २१ गतेका दिन आयोजित प्रथम चरणको समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १५२ बाट उद्धृत गरिएको हो । स्मरणीय छ, त्यसै सालको 'जगदम्बा-श्री' श्री गुरागाईंलाई समर्पण गर्न त्यसै साल आश्विन २३ गते आयोजित दोस्रो चरणको समारोहमा सदस्य-सचिवले संक्षिप्त रूपमा मात्र धन्यवाद-ज्ञापन गर्नुभएको थियो, ('नेपाली' त्रैमासिक १५२ पृष्ठ ३३) कारण श्री गुरागाईंको सम्बन्धमा उहाँले यसै वक्तव्यमा उल्लेख गरिसक्नुभएको थियो ।]*

अध्यक्ष महोदय, उपस्थित महिला तथा सज्जनवृन्द !

यसपालि मेरो विशेष भन्नु केही छैन सिवाय कि यहाँहरू पाउकष्ट गरेर पाल्नुभयो, त्यसका लागि धेरै धन्यवाद । तर यत्ति भनेर म औचित्य टार्न पाउन्नँ होला; पोहर-परार वर्षिनै भनेझैं एक त दसैंको रमाइलो परिवार-मिलनको बेला, त्यो जहानियाँ स्वादलाई पन्छाएर पाल्नुभयो, मानौं भगवती-सरस्वती अर्थात् भाषा-मन्दिरमा महासरस्वतीको वार्षिक आराधनामा सहृदय सरीक हुन; दोस्रो, हामीले यहाँहरूको पवित्र उपस्थितिलाई खालि व्यक्ति विशेषको हाजिरी मात्र नसम्झेर यहाँहरूको साहित्यानुरागको प्रतीक मात्र हैन कि हाम्रा अध्यक्षजीले सुरुमै भने जस्तो, यहाँहरूलाई भाषा-साहित्यप्रेमी समस्त स्वदेशी-परदेशी नेपालीको प्रतिनिधित्व गर्नुभएको तथ्य मानेका छौं । त्यसैले यहाँहरू सबै, हाम्रा भावनामा, विशेष धन्यवादार्ह हुनुहुन्छ ।

यहाँहरूलाई निम्त्याउने निउँ हामीले पाएका छौं आजका दुईटा बेहुला । श्री ठाकुरप्रसाद गुरागाईं सात समुद्रपार भने जस्तो बर्मादेखि पाल्नुभयो- यही समारोहमा

सरिक हुन, पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गर्न। उहाँको कार्यक्षेत्र वहुतै साँगुरो तर पनि विशाल, बहुतै प्रतिवन्धित तर पनि कतिपय ढाँचामा खुला, देख्दा वहुतै सरल तर प्रतिपादन अत्यन्त कठिन इत्यादि भएर पनि दसैँका मुखमा परिवार पर सारी यति टाढा पाल्नु भई हाम्रो पुरस्कार ग्रहण गर्नुभयो। उहाँ नभए बधाईसहित धन्यवादको भागी अरू को हुने ?

त्यस्तै उहाँका निमित्त जतिसुकै सरल भए पनि हाम्रा निम्ति बहुतै कठिन परिश्रमको उपज, अत्यन्त उपयोगी एवं राष्ट्रहितकारी अभूतपूर्व किसिमको अनुपम खोज-सोध-ग्रन्थ तयार पारेर गुणका चुम्वकले 'मदन पुरस्कार' हत्याउन सफल हुनुहुने जो प्रा.डा. दयाराम श्रेष्ठ हुनुहुन्छ उहाँ पनि हाम्रा बधाई एवं धन्यवादका सुपात्र हुनुहुन्छ। हाम्रो पुरस्कार ग्रहण गरिदिनुहुने उहाँ जस्ता विद्वान् प्राध्यापकप्रति हामी चिरकृतज्ञ छौँ।

आजको यस समारोहमा धन्यवाद नटक्र्याई नहुने अर्का विशिष्ट व्यक्ति हुनुहुन्छ आजका सम्माननीय अतिथि माननीय श्री राजेश्वर देवकोटा जसको सारगर्भित एवं मार्मिक वक्तव्य भरखर हामीले सुन्यौं र गौरवान्वित भएका थियौं। अहिलेको उर्म्लंदो राजनैतिक वातावरणले उकुस-मुकुस पारिरहेको बेला पनि हाम्रो विनम्र एवं लुरे अनुरोधलाई विना आनाकानी स्वीकार गरी यहाँ मुख्य वक्ता हुन पाल्नुभएकोमा हामी अनुगृहीत त छौं नै, तर उहाँ राजनैतिक खगोलमा जतिसुकै टल्कने उज्जवल तारा भए पनि मेरो, मलाई वहुतै मन पराउने, श्रद्धेय गुरुका पुत्र हुनुहुन्छ र हाम्रो परिचय उहाँ ४।५ वर्षको छँदादेखि अटुट रहेको छ। त्यसो हुँदा गुरु र गुरुपुत्रमा भेदभाव राख्नु उचित छैन भन्ने हाम्रो पुरानो उक्ति एवं चलनअनुसार उहाँ त्यसै पनि सम्मान्य हुनुहुन्छ। अर्को कुरा, उहाँले हाम्रो मदन पुरस्कार परिवारसँग घनिष्टताको गाँठो बाँध्न आफ्नो कृति 'उत्सर्ग प्रेम'द्वारा २०४४ सालमै सफलता प्राप्त गरी देखाइसक्नुभएको हुँदा उहाँमा हाम्रो, हामीले चाहेको बेला बोलाउने, पारिवारिक हक पनि छ भने हुन्छ।

अन्यत्र चलन छ कि छैन कुन्नि, यहाँ त अध्यक्षलाई पनि धन्यवाद टक्र्याउने चलन बसे जस्तो लाग्छ, किनभने प्रथमत: उहाँले समारोहको सञ्चालन यति राम्रोसँग सिपालु प्राविधिकले जस्तो निपुणताका साथ सम्पन्न गरिदिनुभयो; दोस्रो, हरेक वर्ष हरेकपाला पुस्तक वितरणको प्रथा बसालिदिए जस्तो गरेर आमन्त्रित अतिथिहरूलाई मीठामुख भए पनि रित्तै हात फर्कनुपर्ने पारिदिनुभएन; अनि तेस्रो चाहिँ, वदान्यताको, अर्को, प्रदर्शन गर्नुभयो। कुरा के भने, मदन पुरस्कार गुठी धनी संस्था हैन: कनीकुथी पुरस्कारको रकमसम्म ब्याजबाट जगेर्ना गरेर चलाई आएको संस्था हो। तर हामीले निर्णयचाहिँ समुद्रपारका व्यक्तित्व निम्त्याउनु पर्ने गऱ्यौं। उहाँलाई बाटाखर्च बेहोर्नुस् भन्नुपर्दा टक्र्याएको इज्जत बिनामोलको अर्थात् 'हात लाग्यो शून्य' हुने

भयो । तसर्थ त्यस अप्ठ्यारोबाट उतार्न श्री गुरागाईंजीको आतेजाते हवाई बाटो खर्चको भार अध्यक्षले आफ्नै खल्तीलाई सुम्पनुभयो । त्यसैले उहाँलाई पनि धन्यवाद ।

यो प्राङ्गण सहजै सुलभ गराइदिने रातो बङ्गला स्कूलका निर्देशक तथा प्रिन्सिपल, समारोहको सारा व्यवस्थात्मक वन्दोबस्त मिलाउने जगदम्बा अफसेटका जनरल म्यानेजर र गुठीका कार्यालय-सचिव र उहाँका सहयोगीहरू, र अन्त्यमा पुरस्कार वितरणको भावानात्मक आवाहनमा सहुलियत प्रदान गर्नाका साथै हामी सबैलाई मीठो मुख पार्न खुबी देखाउनु हुने गुठीकी सदस्या गृहलक्ष्मी 'देवीजी' र गुठीका काममा सघाउ पुऱ्याउने समस्त कर्मचारीलाई पनि गुठीका तर्फबाट साभार धन्यवाद प्रकट गर्दछु । आज गुरागाईंज्यू उपस्थित हुन नसक्नु भएको र भोलि मात्र काठमाण्डू आइपुग्नुहुने भएकोले उहाँलाई पुरस्कार अर्पण गर्ने कार्य पर्सि बिहिबार, महाष्टमीका दिन दिउसो ठीक चार वजे यसै स्थलमा हुनेछ । कृपया सो दिन पनि पाल्नुहुन तपाईंहरू सबैलाई आमन्त्रण गर्दछु । कृपया अवश्य पाल्नुहोला ।

महिला तथा सज्जनवृन्द, अब अध्यक्षज्यूका आज्ञाले यो सभा यहीं बिसर्जन हुन्छ । तर बाहिर पाल्नुहुनुअघि निवेदन गरेअनुसार अगाडि प्राङ्गणद्वारमा राखिएको पुस्तक लिई त्यहाँ रहेको पुस्तिकामा आफ्नो नाम र ठेगाना वा फोन नम्बर स्पष्ट लेखी जानुभए हामी बहुतै अनुगृहीत हुनेछौं । तर त्यसभन्दा अघि केही जलपान गर्नुहुन अनुरोध गर्दछु । अब लागौं हामी चमेनागृहतिर ।

⊠ ⊠ ⊠